# नेपाल पत्रकार महासंघ

# Federation of Nepali Journalists (FNJ)

## केन्द्रीय समिति,सञ्चारग्राम, काठमाडौं, नेपाल

मितिः २०७७।०५।२२

### प्रेस विज्ञप्ति

नेपाल पत्रकार महासंघ बागलुङ शाखाका पूर्वअध्यक्ष एवं एभिन्यूज टेलिभिजनका सम्वाददता राजेशचन्द्र राजभण्डारी, शाखा कार्यसमितिका सहसचिव एवं माउन्टेन टेलिभिजनका सम्वाददाता सुवास आचार्य र ई-बागलुङ अनलाइनका सहायक सम्पादक रामप्रसाद घिमिरेको व्यक्तिगत र पेशागत चरित्रमा आँच आउने गरी सामाजिक सञ्जालमार्फत पोष्ट गरिएको सामग्रीप्रति नेपाल पत्रकार महासंघको गम्भीर ध्यानाकर्षण भएको छ ।

महासंघ बागलुङ शाखाका अनुसार भाद्र १८ र २१ गते बागलुङ नगरपा िलका-४ कुँडुले फँदी निवासी चन्द्रकान्त पौडेलले सामाजिक सञ्जाल (फेसबुक) मार्फत तस्वीरसहित पत्रकारत्रयलाई आफूले कारबाही गर्न अनुरोध गरेको र केन्द्रीय नेतृत्वले महासंघको सदस्यतासमेत नरहने गरी कारबाही गर्ने आश्वासन दिएको भनेर पोष्ट गरेका थिए ।

कुनै पनि बहानामा सामाजिक सञ्जालमार्फत भूmठा र गलत सामग्रीहरु पोष्ट हुँदा व्यक्तिको सामाजिक र पेशागत प्रतिष्ठामा ठेस पुग्नुका साथै आत्म सम्मानमा समेत गहिरो चोट पुग्ने महासंघको ठहर छ । महासंघ पत्रकारको समाजिक र पेशागत प्रतिष्ठामा आघात पु¥याउने र पत्रकारको अपमान हुनेगरी सामाजिक सञ्जालको दुरुपयोग गर्ने व्यक्तिलाई कानुनी दायरामा ल्याउन सम्बन्धित निकायसँग माग गर्दछ ।

रमेश विष्ट

महासचिव

Headquarters, Media Village, Kathmandu, Nepal
Phone : +977-1-4112763/4112673, Fax: +977-1-4112785, Email fnjnepalcentral@gmail.com, URL: www.fnjnepal.org